# सम्झौता सारांश

## आ.व.२०८०/८१

| |
|---|
| योजनाको नामः |
| योजना स्थल :- |
| साझेदार संस्थाको नाम :- |
| साझेदार संस्थाको ठेगाना :- |
| कुल लागत अनुमानः |
| कार्यालयले वेहोर्ने रकमः |
| साझेदार संस्थाले वेहोर्ने कुल रकमः |
| खातावालाको नाम (चेकमा उल्लेख भए अनुसार) :- |
| बैंकको नाम :- |
| सम्पर्क व्यक्तिको नाम |
| सम्पर्क नं. :- |
| इमेल ठेगाना:- |

वजेट उपशिर्षक नं.

खर्च शिर्षक नं.

क्रियाकलाप नं.

लुम्बिनी प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

शिक्षा तथा सामाजिक विकास निर्देशनालय

# सामाजिक विकास डिभिजन कार्यालय

गजेहडा, कपिलवस्तु

योजना कर्यान्वयन सम्झौता

आज मिति ..................... गते देहायको योजना कार्यान्वयन गर्न देहायको शर्त पालना गर्ने गरी सामाजिक विकास डिभिजन कार्यालय, कपिलवस्तु (यस पछि प्रथम पछ भनिएको) र साझेदार संस्था........................................................ ( यस पछि दोश्रो पछ भनिएको ) वीच यो सम्झौता सम्पन्न भयो ।

१. योजनाको विवरणः
   - क. योजनानाको नामः
   - ख. योजनाको ठेगानाः
   - ग. योजनाको कुल लागतः
   - घ. प्रथम पक्षले वेहोर्ने रकमः
   - ङ. दोश्रो पक्षले वेहोर्ने रकमः
   - च. कन्टिन्जेन्सी रकमः
   - छ. योजना शुरु हुने मिनिः
   - ज. योजना सम्पन्न हुने मितिः

२. देहायको कागजातहरु यो सम्झौताको प्रमुख अंग मानिने छनः
   - क. योजना सम्झौताको लागि आव्हान गरिएको सूचना,
   - ख. योजनाको लागत अनुमान, डिजनाइन र स्पेशिफिकेशन,
   - ग. योजना सम्झौताको लागि दोश्रो पक्षवाट पेश भएका सम्पूर्ण कागजातहरु,
   - घ. योजना कार्यान्वयनको लागि प्रथम पक्षले दोश्रो पक्षलाई दिएको व दिने लिखित निर्देशनहरु ।

३. योजना कार्यान्वयनको लागि निर्माण कार्य, वस्तु र सेवा खरीद गरी कार्य सम्पन्न गराउने दायित्व दोश्रो पक्षको हुनेछ । यसरी निर्माण कार्य, वस्तु र सेवा खरीद गर्दा प्रचलित सार्जजनिक खरीद संग सम्बन्धित ऐन, नियम र निर्देशिकाको पालना गर्नु पर्ने छ ।

४. दोश्रो पक्षले योजना कार्यान्वयनको क्रममा गर्ने खर्चको हिसाब किताब प्रष्ट देखिने गरी प्रचलित कानुन वमोजिम लेखा रखे, लेखा परीक्षण गराउने, सार्वजनिक लेखा परिक्षक्षण गराउने दायित्व दोश्रो पक्षको हुनेछ । यसरी लेखा तथा निर्माण कार्यको खाता व रजिष्टर नराखिएमा वा निरीक्षण टोलीलाई हेर्न नदिएमा वा निर्माण कार्यको गुणस्तर सन्तोषजनक नभएमा प्रथम पक्षले निर्माण कार्य रोक्का गर्ने, खाताबाट रकम झिक्न अनुमति नदिने, पूर्व भुक्तानी असूल उपर गर्ने, सम्झौता रद्द गर्ने लगायतका कानुन वमोजिम अन्य कारवाही गर्न सक्नेछ ।

५. योजना अन्तर्गतको निर्माण कार्य स्वीकृत डिजाइन, ड्राइङ, स्पेशिफिकेशन र इष्टिमेट तथा प्रचलित निर्माण मापदण्ड अनुसार गराउनु पर्नेछ ।

६. प्रथम पक्षले वेहोर्ने रकम दोश्रो पक्षलाई देहाय वमोजिम भुक्तानी गर्नेछ ।

| सि.नं. | किस्ताको विवरण | किस्ताको रकम प्रतिशत | कार्य प्रगतिको प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १. | पहिलो किस्ता | ३०% | सम्झौता भएपछि साइट क्लीयर गरी निर्माण सामाग्री साईटमा झारी काम शुरु गरे पश्चात । | |
| २. | अन्तिम किस्ता | ७० % | सम्पूर्ण निर्माण कार्य सम्पन्न गरी चाँचपास गराई आवश्यक | |

| | | | | |
|---|---|---|---|---|
| | | | कागजात पेश गरे पश्चात । | |

दोश्रो पक्षले भुक्तानी माग गर्द पेश गर्नु पर्ने कागजातहरुः

क. निर्माण कार्य व वस्तु व सेवा खरीद प्रकृया संग सम्बन्धित सम्पूर्ण सक्कल कागजातहरु

ख. लेखा राखेको सक्कल गोश्वारा भौचर, विल, भरपाई र खाताहरु

ग. निर्माण कार्यको हकमा ठेक्का विल, प्राविधिक मूल्यांकन, कार्य स्वीकार प्रतिवेदन, नापी किताब, डोर हाजिरी,

घ. वस्तु र सेवा खरीदको हकमा सक्कल खरीद आदेश र दाखिला प्रतिवेदन तथा जिन्सी खाताको सम्बन्धित पानाको प्रतिलिपी

ङ. रकम भुक्तानी गर्दा श्रोतमा कर कट्टी गरी राजस्व खातामा दाखिला गरेको बैंक भौचर र E-TDS गरेको प्रमाण

७. योजना सम्पन्न पश्चात आन्तरिक लेखा परीक्षण र अन्तिम लेखा परिक्षणवाट कुनै बेरुजु आएमा बेरुजु फछ्यौंट गराउने दायित्व दोश्रो पक्षको हुनेछ ।

८. योजना मर्मत संम्भार तथा संचालनको लागि दोश्रो पक्षले कुल लागतको कम्तीमा ५ प्रतिशतले हुने रकम बराबरको मर्मत संभार कोष स्थापना गर्नु पर्नेछ । र सो रकमको व्यवस्था दोश्रो पक्षले आफ्नै श्रोतवाट गर्नु पर्नेछ ।

९. यस सम्झौतामा उल्लेख भएको कुरा यसै बमोजिम र अन्य कुराको हकमा प्रचलित ऐन, कानून बमोजिम हुनेछ ।

*प्रथम पक्षको तर्फबाट हस्ताक्षर गर्नेको*

नाम, थर :- राम करन पाल

पदः- नि. कार्यालय प्रमुख

हस्ताक्षर :-

नाम, थरः- माधव पौडेल

पदः- इञ्जिनियर

हस्ताक्षर :-

मितिः-

छापः-

*दोश्रो पक्षको तर्फबाट हस्ताक्षर गर्नेको*

नाम, थर :-

पदः-

हस्ताक्षर :-

नाम, थर :-

पदः-

हस्ताक्षर :-

मितिः-

छाप :-